# शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विशिष्टीकरण स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
शोधकार्य (५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


प्रस्तुतकर्ता
शिव चरण साहु
एम.एड. दोस्रो वर्ष
त्रि.वि. दर्ता नं. २७६७६-८९
परीक्षा क्रमाङ्क २१८००६५/२०६६



शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७१

त्रि.वि.द.नं. २७६७६-८९ शोधपत्र बुझाएको मिति २०७१/११/५
परीक्षा रोल नं. २१८००६५/२०६६ भाइभा मिति २०७१/११/२४
८ मार्च, २०१५


शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका - २०७१
शिव चरण साहु

# शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विशिष्टीकरण स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
शोधकार्य (५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


**प्रस्तुतकर्ता**
शिव चरण साहु
एम.एड. दोस्रो वर्ष
त्रि.वि. दर्ता नं. २७६७६-८९
परीक्षाक्रमाङ्क २१८००६५/२०६६

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७१

त्रि.वि.द.नं. २७६७६-८९ शोध पत्र बुझाएको मिति २०७१/११/५
परीक्षा रोल नं. २१८००६५/२०६६ भाइभा मिति २०७१/११/२४
८ मार्च, २०१५

# सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र *शिव चरण साहुले शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका* शीर्षकमा प्रस्तुत शोधपत्र मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

________________

वेणु सिटौला

शोध निर्देशक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरीमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र *शिव चरण साहुले शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका* शीर्षकमा प्रस्तुत शोधपत्रलाई यस तहको आवश्यकता पूरा गर्न उपयुक्त देखिएको हुँदा मूल्याङ्कन समिति स्वीकृत गर्दछ ।

शोधपत्र मूल्याङ्कन समिति

हस्ताक्षर

| | |
|---|---|
| १. श्री विमल नेपाल | .................... |
| उप-प्राध्यापक | विभागीय प्रमुख |
| जनता बहुमुखी क्याम्पस इटहरी | |
| २. श्री वेणु सिटौला | ..................... |
| उप-प्राध्यापक | शोध निर्देशक |
| जनता बहुमुखी क्याम्पस इटहरी | |
| ३. श्री शेषराज अधिकारी | ...................... |
| उप-प्राध्यापक | वाह्य परीक्षक |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र *शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानध्यापकको भूमिका* विषयमा तयार पारिएको छ । शिक्षाको क्षेत्र विगत भन्दा फराकिलो बन्दै जाने क्रममा जटिलता थपिदै गएको र शैक्षिक व्यवस्थापनसंग जोडिएर आएको कनिष्ट विद्याको रुपमा सूचना प्रणालीको व्यवस्थापन देखापरेको छ । विद्यालयका तहगत रुपमा शिक्षक, विद्यार्थी, शैक्षिक उपलव्धी, भौतिक, आर्थिक पक्ष लगायत अन्य सरोकारवाला संघ संस्था सम्बन्धित विविध खालका सूचकहरू रहन्छ । जसका अधारमा उचित व्यवस्थापन गर्नुपर्ने भएकाले शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन आफैमा जटिल, चुनौतीपूर्ण र संवेदनशील बन्दै गएको छ । यदि यथार्थ तितो सत्य प्रायसः सामुदायिक विद्यालयमा समस्याको रुपमा देखापरेको अवस्था विद्यामान् रहेको हुदाँ त्यसको व्यवस्थापन तथा कार्यान्वयनमा सो शैक्षिक संस्थाको प्रशासकीय प्रमुख प्र.अ.को भूमिकालाई एक समस्याको रुपमा लिई अध्ययन यस शोधपत्रमा गरिएको छ । यस शोधपत्रले शिक्षाको नीतिगत तह र अनुसंधान तहमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका सम्बन्धमा ध्यान पुगोस भने आशय राखेको छ ।

यस शोधपत्रलाई सफल बनाउन हरवखत निर्देशन, सुपरिवेक्षण र सर सल्लाह गर्नुहुने शोध निर्देशक वेणु सिटौला सर प्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्न अनुमति प्रदान गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभाग, जनता बहुमुखी क्याम्पस इटहरीका संयोजक विमल नेपाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अध्ययनका लागि आवश्यक श्रोत सामग्रीहरू जुटाइ सहयोग गरिदिनु हुने सामुदायिक विद्यालयका प्र.अ.हरू नजाम अंसारी, लिलानन्द चौधरी, हरि पोखरेल तथा स.प्र.अ शंकर लाल चौधरी तथा वि.व्य.स.का अध्यक्षहरू धन्यबादका पात्रहरू हुनुहुन्छ । साथै यस अध्ययनलाई सहज गर्ने सिलसिलामा आफना अमूल्य सूझावहरू, सल्लाह, धारणा, प्रतिक्रिया, तथ्यांक तथा समय उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयका शिक्षकहरू, गैर-शिक्षण कर्मचारीहरू, वि.व्य.स. का अन्य पदाधिकारीहरू, अभिभावक तथा विद्यार्थीहरूलाई विशेष धन्यबाद दिन चाहन्छु ।

यसका लागि मुद्रण तथा प्रिटिंगमा सहयोग गर्नुहुने निष्मिता फोटो स्टुडियो छिटाहाका प्रकाश मेहता, अनोज साह लगायतका प्राविधिक भाइहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**शोधार्थी**

शिव चरण साहु

## *शोधसार*

*सामुदायिक विद्यालयहरूमा* ***शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रधानध्यापकको भूमिका*** *शीर्षकमा यो शोधपत्र तयार पारिएको छ । यस अध्ययनले विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यस्थापनको वर्तमान स्थिति पहिचान गर्नु, सोको व्यवस्थापनमा प्र.अ.को भूमिका पहिचान गर्नु, समस्याको खोजी गर्नु तथा ती देखा परेका समस्याहरूको निराकरणका उपयुक्त उपायहरू सुझाउनु उद्देश्य राखेको छ । विद्यालयको शैक्षिक र आर्थिक दुवै प्रशासनको प्रमुख रहनु हुने विद्यार्थी, शिक्षक र अभिभावक विचको त्रिकोणात्मक सम्बन्धलाई सुमधुर अवस्थामा कायम राख्न एक सक्षम समन्वयकर्ताको समेत भूमिका प्र.अ.लाई गर्नु पर्ने हुँदा विद्यालयको हरेक क्षेत्रको सूचनाको पारदर्शीता तथा अध्यावधिक गरी कार्यान्वियन गर्ने गराउने कार्यमा प्र.अ.को भूमिका अपरिहार्य भएको हुदाँ यसलाई अध्ययनको विषय वनाई यस अध्ययनवाट प्राप्त निष्कर्षले शैक्षिक निकायसंग सरोकार राख्ने सम्पूर्ण पक्षलाई उपयोगी हुने तथा सिंगो संस्थाको विकास द्रुतगतिमा हुने नै यस अध्ययनको औचित्य हो ।*

*यस अध्ययन सम्पन्न गर्नको लागि सुनसरी जिल्लाका विभिन्न गा.वि.स.का दुई उच्च मा.वि. तथा २ मा.वि.हरूलाई उद्देश्यमूलक ढंगवाट नमुना छनोट गरी ती विद्यालयका प्र.अ./प्राचार्य, वि.व्य.स.अध्यक्ष , शिक्षक, कर्मचारी विद्यार्थीहरूलाई प्रश्नावली भराई छलफल अन्तर्क्रिया भेटघाट मार्फत परिमाणात्मक र गुणात्मक अनुसंधान अध्ययन ढाँचाको निर्माणको अधारमा विश्लेषण गरी अध्ययन संम्पन्न गरियो । यस अध्ययन सम्पन्न गर्नको लागि कुन्ज तथा वईरिचको पि.ओ.एस.एल.सी.सिद्धान्त र हेनरी मिन्जवर्जको व्यवस्थापकीय सिद्धान्तको आधार लिएको छ ।*

*यस अध्ययनमा प्राप्त गरिएका तथ्यांकहरूको विश्लेषण गर्दा समुदायिक विद्यालयहरूमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन समान्य रहेको देखियो । विद्यालयका कम्प्युटर र प्राविधिक जनशतिको अभावमा विद्यालयको तथ्यांकहरू परम्परागत शैलीमा फाइलिंग गरिएको र ५० प्रतिशत विद्यालयमा यसको अतिरिक्त कम्प्युटर सेभिंग प्रणालीमा समेत थालनी भएको पाइयो । ७५ प्रतिशत विद्यालयहरूमा शैक्षिक र लेखा प्रशासन एउटै कर्मचारी वाट रेखदेख हुनेगरी व्यवस्थापन गरिरहेको पाइयो । विद्यालयका शिक्षकहरू तथा कर्मचारीहरू शैक्षिक तथा सूचना प्रणालीको सुव्यवस्थापनमा उत्साहित रुपले सहयोग गरेको*

पाइदैन । विद्यालयमा स्थायी , अस्थायी, राहत, पि.सि.एफ, निजि, करार, तालिम प्राप्त/अप्राप्त विविध प्रकृतिका शिक्षक कार्यरक्त रहेकोले पेशाप्रति विचलन प्रकृतिले हावि बनाई समस्याहरू उब्जाएका देखिन्छ । विद्यालयका प्र.अ.हरू पनि व्यवस्थापकीय तथा प्राविधिक दक्षपूर्ण नभएकोले शैक्षिक तथा सूचना प्रणालीको सुव्यवस्थापनमा भूमिका कमजोर रहेको देखिन्छ । यस्ता विद्यमान अवस्थाहरूले विद्यालयहरूमा शैक्षिक गुणस्तरीयता र सूचना पार्दशिताको क्षेत्रमा प्रतिकुल प्रभाव पारिरहेको देखिन्छ । यसले सर्वप्रथम सामुदायिक विद्यालयहरूमा कार्यरत प्र.अ.,शिक्षक,कर्मचारीहरूलाई आ आफना कार्यक्षेत्रमा दक्षपूर्ण बनाउन सेवाकालिन तालिम गोष्ठी अर्न्तक्रिया, छलफलहरूलाई तिव्रताका साथ कार्यान्वययनमा ल्याउनुपर्दछ भने निष्कर्ष गरि सुझाव यस शोधमा गरिएको छ । विद्यालयका सवै अंगहरूको आ आफना जिम्मेवारी र भूमिकाको अधारमा निर्वाह गर्न बोध गराउने निति कार्यक्रम सरकारी पक्षबाट ल्याउनुपर्ने देखिन्छ । शिक्षा क्षेत्रका विभिन्न निकाय तथा पदाधिकारीहरूबाट अनुगमनको पारालाई दुरुस्त चुस्त र नियमित बनाउनु पर्ने, विद्यालयको शैक्षिक र आर्थिक प्रशासनको तथा सूचना संवाहकको समेत प्रमुखको रुपमा रहने प्र.अ.लाई सक्षमतामा अधारीत तालिमहरू (प्राविधिक, व्यवस्थापकीय, पूर्नताजगी आदि ) प्रदान गरी समय सापेक्ष दुरुस्त अपडेट गराई राख्नुपर्ने जस्ता नितिगत सुझावहरू यस शोधमा राखिएको छ । साथै विद्यालयका प्र.अ.को तिन पक्ष: शिक्षक, विद्यार्थी, अभिभावकको केन्द्रिय तथा मध्यमार्गी भूमिका प्र.अ.को रहने भएकोले सोको समन्वय गरी नियमित कार्यन्वययन गर्ने, विभिन्न शैक्षिक तथ्यांक, सूचनाहरू शिक्षासंग सरोकार राख्ने सवै पक्षसंग पारदर्शी गराउने, शिक्षक स्टाफको वैठक नियमित वसी शैक्षिक प्राविधिक सूचनामूलक व्यवस्थापकीय आदि एजेन्डाहरू सम्बन्धी छलफलमा निरन्तरता राख्ने जस्ता भूमिका प्र.अ.ले गर्नुपर्ने र यसलाई अन्य विद्यालयमा पनि समान्यीकरण गर्न सकिने कुराहरूलाई सुझावको रुपमा राखी यो अध्ययन सम्पन्न गरिएको छ ।

## विषयसूची


सिफारिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ-ङ

परिच्छेद एक : परिचय १-८

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उदेश्य ६

१.५ अनुसन्धानात्मक प्रश्नहरू ७

१.६ अध्ययनको परिसिमा ७

१.७ सम्बन्धित शब्दाबलीहरूको परिभाषा ७

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनारावलोकन ९-१३

२.१.पूर्व साहित्यको अध्ययन ९

२.२.सैद्धान्तिक खाका १२

२.३. पुनरावलोकनको उपदेयता १३

परिच्छेद तीन :अनुसंन्धान विधि १४-१६

३.१. अनुसंन्धानात्मक ढाँचा १४

३.२. जनसंख्या तथा नमूना छनोट १४

३.३ .अनुसन्धानका साधनहरू १५

३.४. तथ्यांकका श्रोतहरू १५

३.५ . तथ्यांक संकलन विधि १६

३.६. तथ्यांकको विश्लेषण विधि १६

परिच्छेद चार :नतिजाको छलफल १७ -३१

४.१ सामुदायिक विद्यालयहरूमा शै. सू. प्रणाली व्यवस्थापनको वर्तमान अवस्था १७

४.१.१ विद्यालय सर्वेक्षण फारमबाट प्राप्त तथ्यांकको आधारमा शै.सू. प्रणालीको वर्तमान अवस्था १८

४.१.२. प्र.अ./प्राचार्यहरूवाट प्राप्त प्रतिक्रयाको आधारमा शै.सू.प्रणालीको वर्तमान अवस्था १९
४.१.३.विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू.प्रणालीको वर्तमान अवस्था १९
४.१.४ लेखा/प्र.स. वाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू.प्रणालीको वर्तमान अवस्था २०
४.१.५. शिक्षकहरूवाट प्राप्त प्रतिक्रयाको आधारमा आधारमा शै.सू.प्रणालीको वर्तमान अवस्था २०
४.१.६ विद्यार्थीहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू.प्रणालीको वर्तमान अवस्था २०
४.२ शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका २१
४.२.१. प्र.अ./प्राचार्यहरूवाट प्राप्त प्रतिक्रया आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका २१
४.२.२. विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू . प्रणालीको व्यवस्थापनमा प्र.अ. को भूमिका २२
४.२.३ लेखा/प्र.स. वाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका २२
४.२.४. शिक्षकहरूवाट प्राप्त प्रतिक्रयाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ. को भूमिका २३
४.२.५ विद्यार्थीहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ. को भूमिका २३
४.३. शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा देखिएका समस्याहरू २४
४.३.१ प्र.अ./प्राचार्यवाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा देखाइएका समस्याहरू २४
४.३.२ वि.व्य.स.अध्यक्षहरूलाई सोधिएको प्रश्नावलीवाट समस्या वारे प्राप्त प्रतिक्रिया २५
४.३.३. लेखा /प्र.स.लाई सोधिएका प्रश्नावलीवाट समस्यावारे प्राप्त प्रतिक्रया २६
४.३.४ शिक्षकहरूलाई सोधिएका प्रश्नावलीबाट समस्या वारे प्राप्त प्रतिक्रिया २६
४.३.५. विद्यार्थीहरूलाई सोधिएका प्रश्नावलिवाट सम्स्या वारे प्राप्त प्रतिक्रिया २७

४.४. शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनका प्रभावकारी उपायहरू २७
४.४.१. प्र.अ./प्राचार्यबाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनका प्रभावकारी उपायहरू वारे प्रतिक्रिया २७
४.४.२. वि.व्य.स.अध्यक्षहरूवाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको उपायवारे प्रतिक्रिया २७
४.४.३. लेखा / प्र.स.हरूवाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको उपायबारे दिएका प्रतिक्रिया २८
४.४.४. शिक्षकहरूवाट शै.सू. प्रणालीको व्यवस्थापनका उपायवारे प्रतिक्रया २९
परिच्छेद पाँच : निष्कर्ष र सुझाव ३२-३४
५.१ निष्कर्ष ३२
५.२ सुझावहरू ३३
५.२.१ नीति निर्माण तहका लागि सुझावहरू ३३
५.२.२ अभ्यास तहका लागि सुझावहरू ३४
५.२.३ अनुसन्धान तहका लागि सुझावहरू ३४
सन्दर्भ सामग्रीहरू
अनुसूचीहरू